**माध्यमिक शिक्षा पाठ्यक्रम**
**२०७८**
**पालि भाषा**

**कक्षा : ११-१२** **विषय सङ्केत : Pal. 631 (Grade 11)**
**Pal. 632 (Grade 11)**

**पाठ्यघण्टा : ५** **कार्यघण्टा : १६०**

## १. परिचय

बौद्ध धर्म तथा दर्शन अध्ययन अध्यापनको चार शास्त्रीय भाषामध्ये एक पालि हो । यसर्थ यसलाई शास्त्रीय भाषाका रूपमा समेत ग्रहण गरिन्छ । थेरवादी बौद्धदर्शनका लागि पालि भाषा तथा व्याकरणको अनिवार्य ज्ञान तथा प्रयोग हुनुपर्दछ । त्रिपिटक, अठ्ठकथा , तिनको टीकाटीप्पणीलगायतका ग्रन्थहरू तथा बुद्धदेशित भाषा पालि हो । यसर्थ उल्लिखित सन्दर्भ तथा विषयवस्तुको विद्यालय तहबाट नै पठनपाठन हुनु सान्दर्भिक भएकाले माध्यमिक तहमा ऐच्छिक विषयका रूपमा यस विषयलाई समावेश गरिएको हो । यो विहार शिक्षाको माध्यम तथा भाषिक विषयका रूपमा प्रचलनमा रहेको विषय पनि हो । अतः पालि भाषामा भाषिक सिप र विभिन्न विधाका रचनाका माध्यमबाट सञ्चार, अभिव्यक्ति र सिर्जनात्मक क्षमताको विकास गर्नु नै यस विषयको पठनपाठनको मुख्य उद्देश्य हो । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गदर्शनबमोजिम विद्यालय शिक्षाको माध्यमिक तह (कक्षा ११-१२) मा पालि भाषा विषयको यस पाठ्यक्रममा पालि भाषा, साहित्य र व्याकरणसँग सम्बन्धित विषयवस्तुहरूको संयोजन गरिएको छ । यसका साथै यस पाठ्यक्रमले सम्बन्धित विषयमा उच्च शिक्षाको आधारसमेत तयार गर्ने अपेक्षा राखिएको छ ।

पालि भाषाको यस पाठ्यक्रममा पनि गद्य, सूत्र/गाथा र व्याकरण जस्ता विधागत विषयक्षेत्रको सान्दर्भिक सन्तुलन कायम गरी पाठ्यक्रम विकास गरिएको छ । अतः यस पाठ्यक्रममा साहित्यिक विधागत विषयक्षेत्रभित्र रहने निबन्ध, जातक/अठ्ठकथा , जीवनी, काण्ड तथा व्यावहारिक लेखन, सूत्र/गाथालगायतका उपविधाको क्रमबद्ध प्रयोग र सन्तुलनमा विशेष जोड दिइएको छ । यसका साथै पालि व्याकरणका नाम पद, आख्यात पद, सन्धि, समास, तद्धित र कितक, कारकलगायतका काण्डका आधारमा कार्यमूलक अवधारणाको समायोजन गरिएको छ । उक्त विषयवस्तु समायोजन गर्दा पालि भाषासाहित्यका मूलभूत मूल्यमान्यतालाई विशेष रूपमा ध्यान दिँदै पाठ्यक्रमलाई सरल, प्रायोगिक, समयसापेक्ष र स्तरीय बनाउनुपर्ने पक्षलाई पनि विशेष ध्यान दिइएको छ । साथै उल्लिखित तथ्यलाई मनन गर्दै पालि भाषा विषयलाई ७५ प्रतिशत बाह्य र २५ प्रतिशत अंश आन्तरिक मूल्याङ्कनमा आधारित हुने गरी सिकाइ सहजीकरण तथा मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित गरिएको छ ।

परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनलाई समेटी यो पाठ्यक्रम विकास गरिएको हो । यस क्रममा पाठ्यक्रम विकासको विषयगत औचित्य, पाठ्यक्रममा रहेका मुख्य विशेषता तथा पाठ्यक्रमको स्वरूपलाई समेटी परिचय, विषयगत रूपमा अपेक्षित ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य तत्परतालाई समेटी त्यसको क्रियात्मक स्वरूपमा सक्षमता, सिकाइको स्तर र सक्षमताको विशिष्टीकृत विस्तृतीकरण गरी सिकाइ उपलब्धि एवम् अघिल्ला कक्षासँग लम्बीय सन्तुलनका आधारमा विषयवस्तुको क्षेत्र र क्रम, विषयगत विशिष्टपन र मौलिकतालाई समेटी सिकाइ सहजीकरणका विधि तथा प्रक्रिया एवम् निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका विधि तथा प्रक्रिया उल्लेख गरी विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गरिएको छ ।

## २. तहगत सक्षमता

**यस तहको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित सक्षमता हासिल गर्न समर्थ हुने छन् :**

१. पालि भाषा तथा व्याकरणको विशेषताको बोध र सोअनुसार भाषिक व्यवहार प्रदर्शन

२. पालि भाषासाहित्यमा प्रचलित विधागत पाठबाट विषयवस्तु विश्लेषण

३. सञ्चार सिप र भाषिक सिकाइका लागि प्रचलित साहित्यिक विधागत ढाँचा र शैलीको प्रयोग

४. श्रव्य, दृश्य र पाठ्य सामग्रीका आधारमा विषयवस्तुको बोध तथा समीक्षा

५. शीर्षक, विषयक्षेत्र, सन्दर्भ र प्रसङ्गमा आधारित भई विषयवस्तुको सार निर्माण र विस्तार

६. वैयक्तिक, सामाजिक तथा सांस्कृतिक उद्देश्य परिपूर्तिका लागि विषयवस्तुको सन्दर्भगत उपयोग

७. सिकाइबाट निर्मित विचारको अभिव्यक्तिमा आधारित भई विश्लेषणात्मक प्रतिक्रिया

८. अन्तरसांस्कृतिक एवम् भाषिक मूल्यप्रतिको सचेततासहितको अभिव्यक्ति

९. प्रभावकारी सिकाइ, रचनात्मक सोच तथा प्रत्यक्ष सम्पर्कबाट विचारहरूको सिर्जना र समस्या समाधान

## ३. कक्षागत सिकाइ उपलब्धि

### कक्षा ११

### सुनाइ र बोलाइ

| सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|
| १. पालि शब्दहरूको शुद्ध उच्चारण गर्न र वाक्यमा प्रयोग गर्न | १.१ पालि भाषाका शब्द शुद्ध उच्चारण गर्न<br>१.२ पालि भाषाका प्रचलित तथा पाठमा प्रयोग भएका शब्दको अर्थ भन्न र लेख्न<br>१.३ पालि भाषाका प्रचलित तथा पाठमा प्रयोग भएका शब्दलाई सार्थक वाक्यमा प्रयोग गर्न<br>१.४ पालि भाषाका पठित शब्दलाई सन्दर्भ र परिवेशअनुसार भिन्न भिन्न अर्थ आउने गरी वाक्यमा प्रयोग गर्न |
| २. पालि भाषामा तहअनुसारका लिखित, मुद्रित, प्रसारितलगायतका सामग्री सुनी प्रयुक्त शब्दका अर्थबोध र वाक्यमा प्रयोग गर्न | २.१ निर्धारित अनुच्छेदको शुद्ध र स्पष्ट उच्चारण गर्न<br>२.२ पालि भाषामा प्रस्तुत विषयवस्तुहरूमा शब्द, पद र वाक्य पहिल्याएर सुन्न र प्रतिक्रिया दिन<br>२.३ सुनेका विषयवस्तुबाट पालि भाषाका पुल्लिङ्गी, इत्थिलिङ्गी र नपुंसकलिङ्गी शब्दको सूची निर्माण गर्न<br>२.४ सूचीमा समावेश गरिएका शब्दको अर्थ बताउन<br>२.५ सङ्कलित शब्दलाई वाक्यमा प्रयोग गर्न |
| ३. पालि भाषामा सञ्चार तथा अभिव्यक्ति गर्न | ३.१ पालि भाषामा गरिएको वार्तालाप, मौखिक अभिव्यक्ति तथा सञ्चार माध्यमबाट प्रसारित सामग्री ध्यानपूर्वक सुनी प्रतिक्रिया व्यक्त गर्न |

| | |
|---|---|
| | ३.२ पालि भाषामा छलफल गर्न<br>३.३ भाषण, वक्तृता, प्रवचन जस्ता कार्यक्रममा सहभागिता जनाउन |
| ४. सामाजिक सन्दर्भ, प्रसङ्ग, वक्ताको अवस्था, अभिवृद्धि र संवेग तथा भाषाको प्रयोजनपरक भेदका आधारमा अर्थबोध गर्न सक्ने गरी प्रतिक्रिया दिन | ४.१ हाउभाउ, गति र शुद्धतालाई ख्याल गरी प्रतिक्रिया व्यक्त गर्न<br>४.२सञ्चार र अभिव्यक्तिका क्रममा सन्दर्भ तथा प्रसङ्ग ख्याल गरी मौखिक प्रतिक्रिया दिन<br>४.३ वक्ताको अवस्था, अभिवृद्धि र संवेगप्रति सचेत रही मौखिक प्रतिक्रिया दिन<br>४.४ पालि भाषाको प्रयोजनपरक भेदका आधारमा अर्थबोध गर्न सक्ने गरी मौखिक प्रतिक्रिया दिन |
| ५. समूह छलफल, प्रस्तुति, मौखिक सूचना, तार्किकता आदिको ख्याल गरी विचार प्रस्तुत गर्न | ५.१ समूह छलफलबाट सार वा निष्कर्ष पहिचान गरी व्यक्त गर्न<br>५.२ अरूले गरेको प्रस्तुतिका आधारमा भएका सिकाइलाई बुँदा वा तालिकामा प्रस्तुत गर्न<br>५.३ प्राप्त निर्देशन, खोज तथा अनुसन्धानबाट तथ्य, तथ्याङ्क, सूचना र तर्कको सूची बनाउन<br>५.४ मौखिक सूचना, तार्किकता आदिको ख्याल गरी विचार प्रस्तुत गर्न |
| ६. देखे सुनेका, अनुभव गरेका, पढेका तथा कल्पना गरेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई वर्णन गर्न | ६.१ देखे सुनेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई वर्णन गर्न<br>६.२ अनुभव गरेका वा पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई वर्णन गर्न<br>६.३ कल्पना गरेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई वर्णन गर्न |

पढाइ

| **सिकाइ उपलब्धि** | **सिकाइ उपलब्धिको विस्तृतीकरण** |
|---|---|
| १. पालि भाषाका लिखित तथा मुद्रित सामग्री पढ्न | १.१ पाठमा प्रयुक्त पालि भाषाका प्राविधिक तथा पारिभाषिक शब्दहरू शुद्ध उच्चारण गर्न<br>१.२ पालि भाषिमा लेखिएका तहअनुसारका गद्य पाठलाई गति, यति र हाउभाउसहित वाचन गर्न<br>१.३ पालि भाषिमा लेखिएका तहअनुसारका पद्य पाठलाई गति, यति र लय मिलाई वाचन गर्न<br>१.४ निर्धारित पाठका आवश्यकतानुसार मौनपठन र सस्वरवाचन गरी मुख्य मुख्य विषयवस्तु प्रस्तुत गर्न |
| २. विषयवस्तुको पठनबोध गरी प्रश्नोत्तर गर्न | २.१ पाठ पढी पाठको संरचना, विषयवस्तु र भाव बोध गर्न<br>२.२ पाठमा रहेका पात्र वा घटनाको पहिचान गर्न<br>२.३ पाठमा निहित सन्देश ग्रहण गर्न<br>२.४ निर्धारित पाठको पठनबोध गरी सन्दर्भ र परिवेशमा आधारित प्रश्नोत्तर गर्न |
| ३. लिखित तथा मुद्रित | ३.१ पाठका प्रयुक्त नयाँ शब्द पहिचान गर्न |

| | |
|---|---|
| सामग्री पढी शब्दभण्डार वृद्धि गर्न | ३.२ पाठका प्रयुक्त नयाँ शब्दको अर्थबोध गरी प्रयोग गर्न<br>३.३ विभिन्न सामग्री पढी शब्दभण्डार वृद्धि गर्न<br>३.४ पालि र संस्कृत भाषामा प्रयोग भएका समान शब्दहरूको वाक्यमा प्रयोग गर्न |
| ४. पाठ पढी विषयवस्तुको व्याख्या र विश्लेषण गर्न | ४.१ पाठ पढी विषयवस्तुको घटनाक्रम पहिल्याउन<br>४.२ पाठ पढी विषयवस्तुको व्याख्या र विश्लेषण गर्न<br>४.३ विभिन्न प्रकारका पाठको सन्देश बोध गर्न |
| ५. अन्य भाषाबाट पालिमा र पालिबाट अन्य भाषामा अनुवाद गर्न | ५.१ दैनिक रूपमा प्रयोग गरिने सञ्चार वा अभिव्यक्ति अन्य भाषाबाट पालिमा परिवर्तन गर्न<br>५.२ सिकाइ र अभ्यासका क्रममा प्रयोग भएको भाषा तथा अभिव्यक्तिलाई पालिबाट अन्य भाषामा अनुवाद गर्न |
| ६. कार्यमूलक अवधारणाअनुसार पालि व्याकरणका प्रमुख नियमहरू प्रयोग गर्न | ६.१ पाठमा आधारित भई प्रयुक्त पालि व्याकरणको नियम पहिचान गर्न<br>६.२ पहिचान तथा अभ्यास गरिएका पालि व्याकरणका नियमलाई सञ्चार तथा अभिव्यक्तिमा उपयोग गर्न |
| ७. निर्धारित पाठका आधारमा संरचना एवम् विषयवस्तुको समीक्षा गर्न | ७.१ पाठ पढी संरचना तथा उद्देश्य प्रस्तुत गर्न<br>७.२ पाठका आधारमा सूचना तथा विषयको अनुमानित अभिप्रायः व्यक्त गर्न<br>७.३ पाठमा प्रस्तुत विषयवस्तुको पूर्वानुमान गर्न<br>७.४ पाठका आधारमा निष्कर्ष र सार निर्माण गर्न<br>७.५ पाठ पढी संश्लेषण र प्रयोजन व्यक्त गर्न |

**लेखाइ**

| **सिकाइ उपलब्धि** | **सिकाइ उपलब्धिको विस्तृतीकरण** |
|---|---|
| १. पालि भाषामा लिखित अभ्यास गर्न | १.१ निर्दिष्ट पाठ वा अनुच्छेदको अनुलेखन गर्न<br>१.२ शब्द, वाक्य र अनुच्छेदको श्रुतिलेखन गर्न<br>१.३ पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ लेख्न<br>१.४ नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>१.५ आफ्नो रुचिको विषय, शीर्षक, ढाँचा र विधाका आधारमा लिखित अभ्यास गर्न |
| २. आफूले सुनेका, देखेका र अनुभव गरेका घटना र वस्तुको लिखित वर्णन गर्न | २.१ आफूले सुनेका, देखेका र अनुभव गरेका घटना तथा विषयवस्तुको सूचना टिपोट गर्न<br>२.२ आफूले सुनेका, देखेका वा अनुभव गरेका घटना वा विषयवस्तुका आधारमा लिखित वर्णन गर्न<br>२.३ घटना वा विषयलाई कल्पनाका आधारमा वर्णन गर्न |
| ३. पाठमा आधारित प्रश्नोत्तर लेख्न | ३.१ पाठमा आधारित प्रश्नको उत्तर लेख्न<br>३.२ सम्बन्धित पाठका घटनालाई सिलसिला मिलाई लेख्न |

| | |
|---|---|
| | ३.३ पाठमा प्रयुक्त पात्रको चरित्र वर्णन गर्न<br>३.४ सम्बन्धित पाठको सार लेख्न<br>३.५ सम्बन्धित पाठमा व्यक्त विषयवस्तुको विवेचना गर्न |
| ४. वर्णविन्यास, निर्धारित लेख्यचिह्न र सङ्गति मिलाई वाक्य तथा अनुच्छेद रचना गर्न | ४.१ रस्स, दीग्घ र नासिक्य वर्णको उपयुक्त प्रयोग गरी शब्द निर्माण गर्न<br>४.२ शिरबिन्दुको सही प्रयोग शब्द लेख्न<br>४.३ शब्द तथा वाक्यमा निर्धारित वर्णविन्यासको प्रयोग गर्न<br>४.४ पदयोग र पदवियोग मिलाई वाक्य रचना गर्न<br>४.५ लेख्यचिह्नको पहिचान गरी वाक्य वा अनुच्छेदमा प्रयोग गर्न<br>४.६ लिङ्ग, वचन, पुरुष र आदरबिचको सङ्गति मिलाई अनुच्छेद रचना गर्न<br>४.७ कारक र वाच्य मिलाई वाक्य रचना गरी निर्देशानुसार परिवर्तन पनि गर्न |
| ५. पालि भाषामा विधागत तथा सिर्जनात्मक लेखन अभ्यास गर्न | ५.१ पालि भाषामा व्यवहारमा उपयोगी हुने निवेदन, चिठी, निमन्त्रणा, शुभकामना जस्ता पत्रहरू लेख्न<br>५.२ पालि भाषामा कथा, सूत्र/गाथा, काण्ड र निबन्ध लेख्न<br>५.३ पालि भाषामा लिखित अभिव्यक्तिको क्रममा व्याकरणका आधारभूत नियम पालन गर्न ।<br>५.४ निर्देशन तथा रुचिका आधारमा व्यावहारिक तथा स्वतन्त्र लेखन गर्न |

**कक्षा १२**

**सुनाइ र बोलाइ**

| **सिकाइ उपलब्धि** | **सिकाइ उपलब्धिको विस्तृतीकरण** |
|---|---|
| १. पालि शब्दहरूको शुद्ध उच्चारण गर्न र वाक्यमा प्रयोग गर्न | १.१ पालि भाषाका शब्दलाई अक्षर संरचनासहित शुद्ध उच्चारण गर्न<br>१.२ पालि भाषाका तहगत शब्दको अर्थ भन्न र लेख्न<br>१.३ पालि भाषाका निर्धारित शब्दलाई सार्थक वाक्यमा प्रयोग गर्न<br>१.४ पालि भाषाका पठित शब्दलाई सन्दर्भ र परिवेशअनुसार भिन्न भिन्न अर्थ आउने गरी वाक्यमा प्रयोग गर्न<br>१.५ शब्दलाई लगातार करण र अकरण क्रियापद तथा पर्यायवाची र विपरीतार्थी शब्द प्रयोग गरी वाक्य रचना गर्न |
| २. पालि भाषामा तहअनुसारका लिखित, मुद्रित, प्रसारितलगायतका सामग्री सुनी प्रयुक्त शब्दका अर्थबोध र वाक्यमा प्रयोग गर्न | २.१ निर्धारित अनुच्छेदको शुद्ध र स्पष्ट उच्चारण गर्न<br>२.२ पालि भाषामा प्रस्तुत विषयवस्तुहरूमा शब्द, पद र वाक्य पहिल्याएर सुन्न र प्रतिक्रिया दिन<br>२.३ सुनेका विषयवस्तुबाट पालि भाषाका पुल्लिङ्गी, इत्थिलिङ्गी र नपुंसकलिङ्गी शब्दको सूची निर्माण गर्न<br>२.४ सूचीमा समावेश गरिएका शब्दको अर्थ बताउन<br>२.५ सङ्कलित शब्दलाई वाक्यमा प्रयोग गर्न |

| | |
|---|---|
| | २.६ वक्ताको भनाइलाई हुबहु र मौलिक वाक्यमा सञ्चार गर्न |
| ३. पालि भाषामा सञ्चार तथा अभिव्यक्ति गर्न | ३.१ पालि भाषामा गरिएको वार्तालाप, मौखिक अभिव्यक्ति तथा सञ्चार माध्यमबाट प्रसारित सामग्री ध्यानपूर्वक सुनी प्रतिक्रिया व्यक्त गर्न<br>३.२ पालि भाषामा छलफल गर्न<br>३.३ भाषण, वक्तृता, प्रवचन जस्ता कार्यक्रममा सहभागिता जनाउन<br>३.४ आधुनिक सञ्चारका साधन र शैली उपयोग गरी सञ्चार तथा अभिव्यक्ति गर्न |
| ४. सामाजिक सन्दर्भ, प्रसङ्ग, वक्ताको अवस्था, अभिवृद्धि र संवेग तथा भाषाको प्रयोजनपरक भेदका आधारमा अर्थबोध गर्न सक्ने गरी प्रतिक्रिया दिन | ४.१ हाउभाउ, गति र शुद्धतालाई ख्याल गरी प्रतिक्रिया व्यक्त गर्न<br>४.२ सञ्चार र अभिव्यक्तिका क्रममा सन्दर्भ तथा प्रसङ्ग ख्याल गरी मौखिक प्रतिक्रिया दिन<br>४.३ वक्ताको अवस्था, अभिवृद्धि र संवेगप्रति सचेत रही मौखिक प्रतिक्रिया दिन<br>४.४ पालि भाषाको प्रयोजनपरक भेदका आधारमा अर्थबोध गर्न सक्ने गरी मौखिक प्रतिक्रिया दिन<br>४.५ अन्य वक्ताको मौखिक प्रस्तुतिबाट सार वा निष्कर्ष निकाल्न |
| ५. समूह छलफल, प्रस्तुति, मौखिक सूचना, तार्किकता आदिको ख्याल गरी विचार प्रस्तुत गर्न | ५.१ समूह छलफलबाट सार वा निष्कर्ष पहिचान गरी व्यक्त गर्न<br>५.२ अरूले गरेको प्रस्तुतिका आधारमा भएका सिकाइलाई बुँदा वा तालिकामा प्रस्तुत गर्न<br>५.३ प्राप्त निर्देशन, खोज तथा अनुसन्धानबाट तथ्य, तथ्याङ्क, सूचना र तर्कको सूची बनाउन<br>५.४ मौखिक सूचना, तार्किकता आदिको ख्याल गरी विचार प्रस्तुत गर्न<br>५.५ अन्य वक्ताको विचारमा सहमति वा विमति राख्दै आफ्नो विचार प्रकट गर्न |
| ६. देखे सुनेका, अनुभव गरेका, पढेका तथा कल्पना गरेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई वर्णन गर्न | ६.१ देखे सुनेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई वर्णन गर्न<br>६.२ अनुभव गरेका वा पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई वर्णन गर्न<br>६.३ कल्पना गरेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई वर्णन गर्न |

**पढाइ**

| **सिकाइ उपलब्धि** | **सिकाइ उपलब्धिको विस्तृतीकरण** |
|---|---|
| १. पालि भाषाका लिखित तथा मुद्रित सामग्री पढ्न | १.१ पाठमा प्रयुक्त पालि भाषाका प्राविधिक तथा पारिभाषिक शब्दहरू शुद्ध उच्चारण गर्न<br>१.२ पालि भाषिमा लेखिएका तहअनुसारका गद्य पाठलाई गति, यति र हाउभाउसहित वाचन गर्न<br>१.३ पालि भाषिमा लेखिएका तहअनुसारका पद्य पाठलाई गति, यति र लय मिलाई वाचन गर्न<br>१.४ निर्धारित पाठका आवश्यकतानुसार मौनपठन र सस्वरवाचन गरी मुख्य मुख्य विषयवस्तु प्रस्तुत गर्न |

| | |
|---|---|
| | १.५ सामग्री पढेपछि भएको सिकाइलाई बुँदागत रूपमा प्रस्तुत गर्न |
| २. विषयवस्तुको पठनबोध गरी प्रश्नोत्तर गर्न | २.१ पाठ पढी पाठको संरचना, विषयवस्तु र भाव बोध गर्न<br>२.२ पाठमा रहेका पात्र वा घटनाको पहिचान गर्न<br>२.३ पाठमा निहित सन्देश ग्रहण गर्न<br>२.४ निर्धारित पाठको पठनबोध गरी सन्दर्भ र परिवेशमा आधारित प्रश्नोत्तर गर्न |
| ३. लिखित तथा मुद्रित सामग्री पढी शब्दभण्डार वृद्धि गर्न | ३.१ पाठका प्रयुक्त नयाँ शब्द पहिचान गर्न<br>३.२ पाठका प्रयुक्त नयाँ शब्दको अर्थबोध गरी प्रयोग गर्न<br>३.३ विभिन्न सामग्री पढी शब्दभण्डार वृद्धि गर्न<br>३.४ लिखित सामग्री पढी आशय र सन्दर्भअनुसार फरक अर्थ दिने शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>३.५ पालि र संस्कृत भाषामा प्रयोग भएका समान शब्दहरूको वाक्यमा प्रयोग गर्न |
| ४. पाठ पढी विषयवस्तुको व्याख्या र विश्लेषण गर्न | ४.१ पाठ पढी विषयवस्तुको घटनाक्रम पहिल्याउन<br>४.२ पाठ पढी विषयवस्तुको व्याख्या र विश्लेषण गर्न<br>४.३ विभिन्न प्रकारका पाठको सन्देश बोध गर्न<br>४.४ पाठ पढी सार प्रस्तुत गर्न |
| ५. अन्य भाषाबाट पालिमा र पालिबाट अन्य भाषामा अनुवाद गर्न | ५.१ दैनिक रूपमा प्रयोग गरिने सञ्चार वा अभिव्यक्ति अन्य भाषाबाट पालिमा परिवर्तन गर्न<br>५.२ सिकाइ र अभ्यासका क्रममा प्रयोग भएको भाषा तथा अभिव्यक्तिलाई पालिबाट अन्य भाषामा अनुवाद गर्न |
| ६. कार्यमूलक अवधारणाअनुसार पालि व्याकरणका प्रमुख नियमहरू प्रयोग गर्न | ६.१ पाठमा आधारित भई प्रयुक्त पालि व्याकरणको नियम पहिचान गर्न<br>६.२ पहिचान तथा अभ्यास गरिएका पालि व्याकरणका नियमलाई सञ्चार तथा अभिव्यक्तिमा उपयोग गर्न |
| ७. निर्धारित पाठका आधारमा संरचना एवम् विषयवस्तुको समीक्षा गर्न | ७.१ पाठ पढी संरचना तथा उद्देश्य प्रस्तुत गर्न<br>७.२ पाठका आधारमा सूचना तथा विषयको अनुमानित अभिप्राय: व्यक्त गर्न<br>७.३ पाठमा प्रस्तुत विषयवस्तुको पूर्वानुमान गर्न<br>७.४ पाठका आधारमा निष्कर्ष र सार निर्माण गर्न<br>७.५ पाठ पढी संश्लेषण र प्रयोजन व्यक्त गर्न |

**लेखाइ**

| **सिकाइ उपलब्धि** | **सिकाइ उपलब्धिको विस्तृतीकरण** |
|---|---|
| १. पालि भाषामा लिखित अभ्यास गर्न | १.१ निर्दिष्ट पाठ वा अनुच्छेदको अनुलेखन गर्न<br>१.२ शब्द, वाक्य र अनुच्छेदको श्रुतिलेखन गर्न |

| | |
|---|---|
| | १.३ पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ लेख्न<br>१.४ नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>१.५ आफ्नो रुचिको विषय, शीर्षक, ढाँचा र विधाका आधारमा लिखित अभ्यास गर्न |
| २. आफूले सुनेका, देखेका र अनुभव गरेका घटना र वस्तुको लिखित वर्णन गर्न | २.१ आफूले सुनेका, देखेका र अनुभव गरेका घटना तथा विषयवस्तुको सूचना टिपोट गर्न<br>२.२ आफूले सुनेका, देखेका वा अनुभव गरेका घटना वा विषयवस्तुका आधारमा लिखित वर्णन गर्न<br>२.३ घटना वा विषयलाई कल्पनाका आधारमा वर्णन गर्न |
| ३. पाठमा आधारित प्रश्नोत्तर लेख्न | ३.१ पाठमा आधारित प्रश्नको उत्तर लेख्न<br>३.२ सम्बन्धित पाठका घटनालाई सिलसिला मिलाई लेख्न<br>३.३ पाठमा प्रयुक्त पात्रको चरित्र वर्णन गर्न<br>३.४ सम्बन्धित पाठको सार लेख्न<br>३.५ सम्बन्धित पाठमा व्यक्त विषयवस्तुको विवेचना गर्न |
| ४. वर्णविन्यास, निर्धारित लेख्यचिह्न र सङ्गति मिलाई वाक्य तथा अनुच्छेद रचना गर्न | ४.१ रस्स, दीर्घ र नासिक्य वर्णको उपयुक्त प्रयोग गरी शब्द निर्माण गर्न<br>४.२ शिरबिन्दु सही प्रयोग शब्द लेख्न<br>४.३ शब्द तथा वाक्यमा निर्धारित वर्णविन्यासको प्रयोग गर्न<br>४.४ पदयोग र पदवियोग मिलाई वाक्य रचना गर्न<br>४.५ लेख्यचिह्नको पहिचान गरी वाक्य वा अनुच्छेदमा प्रयोग गर्न<br>४.६ लिङ्ग, वचन, पुरुष र आदरबिचको सङ्गति मिलाई अनुच्छेद रचना गर्न<br>४.७ कारक र वाच्य मिलाई वाक्य रचना गरी निर्देशानुसार परिवर्तन पनि गर्न |
| ५. पालि भाषामा विधागत तथा सिर्जनात्मक लेखन अभ्यास गर्न | ५.१ पालि भाषामा व्यवहारमा उपयोगी हुने निवेदन, चिठी, निमन्त्रणा, शुभकामना जस्ता पत्रहरू लेख्न<br>५.२ पालि भाषामा कथा, सूत्र/गाथा, काण्ड र निबन्ध लेख्न<br>५.३ पालि भाषामा लिखित अभिव्यक्तिको क्रममा व्याकरणका आधारभूत नियम पालन गर्न<br>५.४ निर्देशन तथा रुचिका आधारमा व्यावहारिक तथा स्वतन्त्र लेखन गर्न |

## ४. विषयवस्तुको क्षेत्र र क्रम

## माध्यमिक तह, कक्षा ९ देखि १२

| | विषयवस्तुको विस्तृतीकरण | | |
|---|---|---|---|
| क्र.स. | कक्षा ११ | कक्षा १२ | कार्य घण्टा |
| १ | (क) सामाजिक (बुद्धकालीन समाज)<br>(ख) सांस्कृतिक (बौद्ध चाडपर्व)<br>(ग) उपदेश/देशाटन<br>(घ) दर्शन (दश पारमिता)<br>(ङ) भावना | (क) सामाजिक (राज्य पालान)<br>(ख) सांस्कृतिक (बौद्ध सङ्घ)<br>(ग) भावना<br>(घ) दर्शन (त्रिलक्षण)<br>(ङ) दश कुशल र अकुशल | १७ |
| २ | (क) तिस्सत्थेरस्स अतीतवत्थु ( धम्मपद अठ्ठकथा)<br>(ख) कोसलरञ्ञो पराजयवत्थु<br>(ग) क्षान्तिवाद जातक<br>(घ) साम जातक<br>(ङ) राजोवाद जातक | (क) महाधनसेट्ठिपुत्तवत्थु (धम्मपद अठ्ठकथा)<br>(ख) ञातिकलहवूपसमवत्थु<br>(ग) तिलमुट्ठी जातक<br>(घ) निग्रोधमिग जातक<br>(ङ) सतधम्म जातक | १५ |
| ३ | (क) बौद्धका उपासक सम्राट् अशोक)<br>(ख) अठ्ठकथाचार्य बुद्धदत्त<br>(ग) बौद्ध गुरु (प्रज्ञानन्द महास्थविर)<br>(घ) बुद्धका अग्र उपस्थायक आनन्द स्थविर | (क) बौद्धका उपासक राजा मिलिन्द)<br>(ख) अठ्ठकथाचार्य बुद्धघोष<br>(ग) बौद्ध गुरु .आचार्य भिक्षु अमृतानन्द महास्थविर)<br>(घ) भिक्षु महाकाश्यप महास्थविर | १५ |
| ४ | (क) साहित्यिक टिप्पणी<br>(ख) कृति समीक्षा<br>(ग) बुँदा टिपोट र सारांश<br>(घ) विषय विस्तार<br>(ङ) विधागत लेखन (गद्य) | (क) कार्यालयीय टिप्पणी<br>(ख) कृति समीक्षा<br>(ग) विषयवस्तुको समीक्षा<br>(घ) ऐतिहासिक सामग्री अध्ययन र विषयवस्तु निर्धारण<br>(ङ) विधागत लेखन (पद्य) | १६ |

| | | | |
|---|---|---|---|
| ५ | रूप काण्ड (अभिधम्मत्थ संगह) | निब्बाण काण्ड (अभिधम्मत्थ संगह) | ८ |
| ६ | (क) नारी सम्मान<br>(ख) राष्ट्रभक्ति<br>(ग) सज्जन प्रशंसा<br>(घ) मित्र सेवा<br>(ङ) अवनति<br>(च) चित्तको स्वभाव<br>(छ) प्रज्ञा र बुद्धि | (क) सुखदुःख<br>(ख) शुद्ध र अशुद्ध<br>(ग) दण्ड<br>(घ) मनुष्य गुण<br>(ङ) वातावरण<br>(च) स्वतन्त्र चिन्तन<br>(छ) नेतृत्व गुण | १६ |
| ७ | (क) अक्षर<br>(ख) शब्द<br>(ग) नाम पद<br>(घ) आख्यात पद<br>(ङ) विभक्ति<br>(च) सन्धि<br>(छ) उपसर्ग तथा निपात<br>(ज) कारक<br>(झ) वाच्य<br>(ञ) काल<br>(ट) तद्धित र कितक<br>(ठ) अनुवाद | (क) अक्षर<br>(ख) शब्द<br>(ग) नाम पद<br>(घ) आख्यात पद<br>(ङ) विभक्ति<br>(च) सन्धि<br>(छ) उपसर्ग तथा निपात<br>(ज) कारक<br>(झ) वाच्य<br>(ञ) समास<br>(ट) काल<br>(ठ) अनुवाद | ३३ |

**द्रष्टव्य :** पाठ्यपुस्तक निर्माण गर्दा व्याकरणलाई कार्यमूलक अवधारणाअनुसार उपयोग गर्नुपर्ने छ ।

## ५. प्रयोगात्मक तथा परियोजना कार्य

| कक्षा ११ र १२ | |
|---|---|
| विषयक्षेत्र | **कार्यघण्टा** |
| निर्धारित विषयवस्तुको लिखित एवम् मौखिक प्रस्तुति, कक्षाकार्य वा दैनिक जीवन तथा कार्यव्यवहारमा आधारित सम्बन्धी परियोजना कार्य | १५ |
| पालि भाषासाहित्यका सान्दर्भिक विषयवस्तु सुनाएर अनुमान, पूर्वानुमान, प्रश्नोत्तर, शब्दबोध, अर्थबोध, सन्दर्भबोध, भावबोध, कथाकथन, घटना वर्णन, मुख्य बुँदा टिपोट तथा प्रस्तुति | १५ |
| सञ्चार, भाषिक सामर्थ्य, पठन तथा रचना कौशल र भाषिक कार्यसम्पादनमा व्यक्तिगत, युगल र समूहगतलगायतका कार्यबाट कक्षागत सिकाइ सहभागिता | १० |
| जम्मा | ४० |

## ६. सिकाइ सहजीकरण प्रक्रिया

पालि भाषा विषयले पालि भाषा तथा साहित्यका माध्यमले भाषिक सञ्चार तथा अभिव्यक्तिमा निपुणतातर्फ उन्मुख गराउन अपनाउन प्रेरित गर्छ । यस विषयको सिकाइ सहजीकरण प्रक्रियामा भाषिक सिपका उपयोगका साथसाथै निर्धारित विषयवस्तुको सन्तुलित रूपमा छनोट र प्रयोग गर्नु सान्दर्भिक हुने देखिन्छ । विशेषतः "गरेर सिक" (learing by doing) को सिद्धान्तअनुसार पालि भाषा विषयका सिकाइ सहजीकरण क्रियाकलापलाई अर्थपूर्ण, रुचिकर र प्रभावकारी बनाउन विषयवस्तुको प्रकृतिअनुसारको शिक्षण विधिको छनोट र प्रयोग गर्नुपर्छ । शिक्षण विधिको छनोट गर्दा विद्यार्थीको रुचि, क्षमता, स्तर, उमेर आदिलाई ध्यान दिई विद्यार्थीलाई नै सहभागी गराएर विद्यार्थीकेन्द्रित शिक्षण विधि प्रयोग गरी बढीभन्दा बढी ज्ञान र सिप विकास गराउनुपर्दछ । शिक्षकले सहयोगीको भूमिका निर्वाह गरी विद्यार्थीलाई परियोजना कार्य (project work) का रूपमा सस्वर तथा मौनपठन, पठनबोध, प्रश्नोत्तर, बुँदा टिपोट, सारांश, घटना क्रम मिलाउने, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, श्रुति लेखन, अनुलेखन भाव पहिचान, भावार्थ र भाव विस्तार, अनुकरणात्मक र सिर्जनात्मक लेखन, कठिन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, लिङ्ग, वचन, आदर, काल, भाव आदि विभिन्न वाक्य कोटिअनुसारका छोटा वर्णनजस्ता पक्षमा जोड दिन आवश्यक हुन्छ ।

सिकाइ सहजीकरणलाई प्रभावकारी र गुणस्तरीय बनाउन पालि भाषा विषयमा समावेश गरिएका विषयक्षेत्रलाई भाषिक सिप तथा कार्यमूलक व्याकरणका आधारमा एकीकृत रूपमा अध्ययन गराई विषयवस्तुको ज्ञान, सिप र धारणाको विकास गराउनुपर्दछ । विषयवस्तुको व्यावहारिक ज्ञान दिनका लागि आआफ्नो टोल, समुदाय, विहार र बौद्ध अध्ययन केन्द्रहरूसँग सम्बन्ध राखी क्रियाकलापहरू गराउनुपर्दछ । यी विषयवस्तुका आधारमा विद्यार्थीहरूलाई आफ्ना धार्मिक समुदायमा सान्दर्भिक थप विषयवस्तु खोज गरी सिकेका कुराहरूलाई सिर्जनात्मक विश्लेषण गर्ने प्रतिभाको विकास गर्न प्रोत्साहित गरिनुपर्दछ । यो विषय अध्यापन गर्दा प्रयोग गर्न सकिने केही सम्भावित नमुना विधिहरू तल दिइएका छन् :

(क) प्रश्नोत्तर विधि (ख) प्रदर्शन विधि (ग) समस्या समाधान विधि

(घ) अवलोकन विधि (ङ) छलफल विधि (च) प्रयोग विधि

(छ) अभिनय विधि (ज) परियोजना विधि (झ) प्रवचन/वाचन विधि

(ञ) कथाकथन

जुनसुकै क्रियाकलाप गराउँदा पनि विद्यार्थीकेन्द्रित हुनु आवश्यक हुन्छ । अध्यापन गर्दा विद्यार्थीहरूको सहभागितालाई प्रोत्साहित गर्नुपर्दछ । विद्यार्थीहरू आफैँलाई कुनै कुनै समस्या समाधान गर्न गाऱ्हो अप्ठ्यारो पर्न सक्छ त्यस्तो अवस्थामा मात्र कमीकमजोरीलाई राम्ररी केलाई अध्यापक वा गुरुद्वारा सहयोग पुऱ्याई समाधान गरिदिनु उचित हुन्छ ।

## ७. विद्यार्थी मूल्याङ्कन

विद्यार्थीको सिकाइ उपलब्धि सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दुवै प्रकारको मूल्याङ्कन गर्नुपर्ने छ । विद्यार्थीको सिकाइ उपलब्धि सुधारका लागि कक्षा शिक्षणकै क्रममा कक्षाकार्य, परियोजना कार्य, प्रस्तुतीकरण, उपलब्धि परीक्षा जस्ता क्रियाकलाप गराई सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान तथा सिप हासिल गराउन आवश्यक छ । यसको प्रभावकारी रूपमा कार्यान्वयन तथा विद्यार्थीको सिकाइस्तर सुधार गर्न सिकाइ सहजीकरण क्रियाकलापको अभिन्न अङ्गका रूपमा निर्माणात्मक मूल्याङ्कनलाई उपयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनको सिकाइ उपलब्धिको निश्चित भारलाई निर्णयात्मक मूल्याङ्कनमा समेत जोडिने छ ।

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप तथा अभिवृत्ति प्राप्त गर्न सके सकेनन् भन्ने कुरा पत्ता लगाउने महत्त्वपूर्ण संयन्त्र मूल्याङ्कन हो । विद्यार्थीहरूको मूल्याङ्कन गर्दा सिकाइ उपलब्धिहरूलाई ध्यान दिई सक्षमता र सिकाइ उपलब्धिअनुरूप सिकाइको सबै स्तरलाई समेटेर गर्नुपर्दछ । आन्तरिक र बाह्य मूल्याङ्कनमार्फत यस विषयको मूल्याङ्कन हुने छ । मूल्याङ्कनको कुल भारमध्ये २५ प्रतिशत आन्तरिक र ७५ प्रतिशत बाह्य मूल्याङ्कन हुने छ । यसै गरी बाह्य मूल्याङ्कनअन्तर्गत लिखित परीक्षा सञ्चालन हुने छ । विद्यार्थी मूल्याङ्कनअन्तर्गत निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन दुवै तरिकाबाट नै गरिने छ । यस विषयका पाठ्यक्रममा समावेश गरिएका तहगत सक्षमताहरू, कक्षागत सिकाइ उपलब्धि र तिनका विषयवस्तु, सोसँग सम्बन्धित सिप, सिकाइ सहभागिता र सिकाइसक्रियताका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुपर्दछ ।

### (क) आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनका लागि प्रत्येक विद्यार्थीहरूले गरेका कार्य र उनीहरूमा आएको व्यवहार परिवर्तनको अभिलेख राखी सोका आधारमा अङ्क प्रदान गर्नुपर्दछ । विद्यार्थीहरूले सिके नसिकेको पत्ता लगाई नसिकेको भए कारण पहिचान गरी पुनः सिकाइन्छ भने यस्तो मूल्याङ्कन प्रक्रियालाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । कक्षा ९ देखि १२ को पालि भाषा विषय सिकाइका क्रममा कक्षाकोठामा कक्षागत शिक्षण सिकाइकै अभिन्न अङ्गका रूपमा गृहकार्य, कक्षाकार्य, परियोजना कार्य, सामुदायिक कार्य, सह/अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा, मासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ । यस क्रममा निर्माणात्मक मूल्याङ्कनअन्तर्गत सञ्चार, भाषिक सामर्थ्य, पठन तथा रचना कौशल र भाषिक कार्यसम्पादनका आधारमा विद्यार्थीका कार्यकलापको निरीक्षण, व्यक्तिगत र सामूहिक छलफल, लिखित परीक्षा, हाजिरीजवाफ, हिज्जे प्रतियोगिता, प्रश्नोत्तर, कक्षाकार्यको परीक्षण, व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन, स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गर्नु सान्दर्भिक हुन्छ । सोका आधारमा नै सिकाइ अवस्था यकिन गरिन्छ र आवश्यकतानुसार उपचारात्मक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्छ । शिक्षकले यस प्रकारको मूल्याङ्कन निरन्तर रूपमा गरी विद्यार्थीहरूमा अपेक्षित सिप र व्यवहार विकासमा जोड दिनुपर्छ ।

पालि भाषा विषयमा कक्षा ९ देखि १२ मा कूल भाषामध्ये २५ भार आन्तरिक मूल्याङ्कन हुने छ। यसको मूल्याङ्कन निम्नानुसार हुने छ :

| क्र.सं. | क्षेत्र | अङ्कभार |
|---|---|---|
| १. | कक्षा सहभागिता | ३ |
| २. | त्रैमासिक परीक्षाको मूल्याङ्कन | ६ |
| ३. | परियोजना तथा  प्रयोगात्मक कार्य, प्रतिवेदन लेखन तथा प्रतिवेदनको प्रस्तुति | १६ |
| जम्मा | | २५ |

**(ख) बाह्य मूल्याङ्कन**

यस विषयमा कक्षा १०, ११ र १२ प्रत्येकमा कुल भारमध्ये ७५ प्रतिशत भार बाह्य मूल्याङ्कन हुने छ। कक्षा १०, ११ र १२ प्रत्येक कक्षामा लागि लिइने परीक्षाका लागि पाठ्यक्रम विकास केन्द्रले तयार गरेको विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र निर्माण गर्नुपर्ने छ। यस विषयको परीक्षामा विशेष गरेर ज्ञान/बोध, समस्या समाधान, समालोचनात्मक, सिर्जनासँग सम्बन्धित प्रश्नहरू सोधिनेछन्। पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरिन्छ। सबै बाह्य परीक्षामा अक्षराङ्कन पद्धतिको प्रयोग गरिने छ।

## विशिष्टीकरण तालिका, २०७८

पालि भाषा

लिखित परीक्षा

कक्षा : ९-१२ पूर्णाङ्क : ७५

| क्र.सं | क्षेत्र | प्रश्नका प्रकार (अति छोटा, छोटा लामा) | ज्ञान % | | बोध % | | प्रयोग% | | उच्चदक्षता% | | जम्मा प्रश्न | जम्मा अङ्क भार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रश्न सङ्ख्या | अङ्क भार | प्रश्न सङ्ख्या | अङ्क भार | प्रश्न सङ्ख्या | अङ्क भार | प्रश्न सङ्ख्या | अङ्क भार | | |
| १ | प्रबन्ध/निबन्ध | अति छोटा | १ | १ | १ | १ | - | - | - | - | २ | २ |
| | | छोटा | - | - | - | - | - | - | - | - | - | - |
| | | लामा | - | - | - | - | - | - | १ | ८ | १ | ८ |
| २ | जातक, धम्मपदट्ठकथा | अति छोटा | १ | १ | १ | १ | - | - | - | - | २ | २ |
| | | छोटा | - | - | - | - | - | - | - | - | - | - |
| | | लामा | - | - | - | - | - | - | १ | ८ | १ | ८ |
| ३ | जीवनी | अति छोटा | १ | १ | १ | १ | - | - | - | - | २ | २ |
| | | छोटा | - | - | - | - | - | - | - | - | - | - |
| | | लामा | - | - | - | - | - | - | १ | ८ | १ | ८ |
| ४ | व्यावहारिक लेखन | अति छोटा | - | - | - | - | - | - | - | - | - | - |
| | | छोटा | - | - | - | - | २ | ५ | - | - | २ | १० |
| | | लामा | - | - | - | - | - | - | - | - | - | - |
| ५ | काण्ड | अति छोटा | - | - | - | - | - | - | - | - | - | - |
| | | छोटा | - | - | - | - | १ | ५ | - | - | १ | ५ |
| | | लामा | - | - | - | - | - | - | - | - | - | - |
| ६ | गाथा/सूत्र | अति छोटा | - | - | - | - | - | - | - | - | - | - |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छोटा | - | - | - | - | २ | ५ | - | - | २ | १० |
| | | लामा | - | - | - | - | - | - | - | - | - | - |
| ७ | भाषातत्त्व | अति छोटा | २ | १ | ३ | १ | - | - | - | - | ५ | ५ |
| | | छोटा | - | - | - | - | ३ | ५ | - | - | ३ | १५ |
| | | लामा | - | - | - | - | - | - | - | - | - | - |
| जम्मा | | | ५ | | ६ | | | ४० | | २४ | २२ | ७५ |

द्रष्टव्य :

१. प्रश्नपत्र निर्माण गर्दा ज्ञान र बोध तहका प्रश्न एउटा समूहमा समायोजन गरी उल्लिखित क्षेत्र र सङ्ख्यामा, प्रयोग तहका तोकिएका क्षेत्रबाट एक एक ओटा र कुनै दुई एकाइबाट एक एक ओटा गरी थप दुई प्रश्न र उच्च दक्षतामा तोकिएका क्षेत्रबाट थप एक प्रश्न सोध्नुपर्नेछ ।

-o-